सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित



# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

वर्ष २, अंक ४, माघ २०६४, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. सरोकार

३. बालिकामाथि हिंसा

५. घोषणापत्र

६. गतिविधि

## महिनाको तस्वीर...

तस्वीर सूर्यनारायण श्रेष्ठ



कहाँबाट आएका हुन्, कसका लालाबाला ?
गम सुघ्दै गरेका छन्, राम्रो छैन चाला ।

*सम्पादकीय :*

# नेपालको स्वास्थ्य सेवा र बालबालिका

"स्वास्थ्य जनताको आधारभूत अधिकार"को विश्वव्यापी मान्यतालाई नेपालले स्वीकार गरेर अन्तरिम सविधान,२०६३ ले यो अवधारणालाई आत्मसात गरी नेपाली नागरिकको स्वास्थ्यप्रतिको राज्यको दायित्वलाई ऐतिहासिक रुपमा पहिलोपल्ट स्थापित गरेको छ। जसअनुरुप प्राथमिक स्वास्थ्य चौकीमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारी निर्णय सार्वजनिक भएको छ।

स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यगत तथा संस्थागत सुधारका कारण स्वास्थ्य सेवामा जनताको पहुँच बढ्दै गएको छ। क्षेत्रीय, अञ्चल, जिल्लास्तरीय अस्पतालदेखि हरेक गाउँ विकास समितिमा स्वास्थ्य संस्था सञ्चालन भइरहेका छन्। यसको परिणामस्वरुप, नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६४ अनुसार मातृ मत्युदर प्रति एक लाखमा २८१, बाल मृत्यदर प्रति हजारमा ६१, शिशु मृत्युदर प्रति हजारमा ४८ र नवजात शिशु मत्युदर प्रति हजारमा ३४ पुगेको छ भने नेपालीको औसत आयू ६२ वर्ष पुगेको छ। यसमा पुरूषको भन्दा महिलाको औसत आयु बढी रहेको छ। स्वास्थ्य क्षेत्रको सुधारका लागि राष्ट्रिय स्वास्थ्यनीति तथा अन्य उपक्षेत्रगत नीतिहरु कार्यान्वयनमा रहेका छन्। आयूर्वेदिक स्वास्थ्य सेवा लगायत अन्य वैकल्पिक स्वास्थ्य सेवाको विस्तार भइरहेको छ। बालबालिकाको पोषणको स्थितिका सम्बन्धमा वि.स २०५८ सालको तुलनामा वि.स २०६४ सालमा उमेर अनुसारको उचाइ नपुग्ने (पुड्को) प्रतिशत ५७ बाट घटी ४९, उचाइअनुसार वजन नपुग्ने प्रतिशत ११ बाट बढी १३ र उमेर अनुसारको वजन नपुगेकामा ४३ बाट घटी ३९ पुगेको छ। तथापि स्वास्थ्य संस्थाहरुको कमजोर भौतिक अवस्था तथा स्वास्थ्यकर्मी, औषधी र उपकरणको कमीका कारण जनतालाई आवश्यक एवं गुणस्तरीय स्वास्थ्य सेवा सहजरुपमा पुऱ्याउन सकिएको छैन।

बालबालिकाको जीवन बचाउको निम्ति अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने खोप सेवाको विस्तार हुँदै गएको देखिन्छ। खासगरी खोप सेवाप्रति आम जनमानसमा सचेतता र चासो बृद्धि हुँदै गएको छ। त्यसो त सरकारले समेत यस बिषयलाई प्रमुखताका साथ अगाडि बढाएको छ। फलतः राष्ट्रिय खोप अभियान अन्तर्गत देशका अधिकांश जिल्लाहरुमा यसलाई विस्तार गर्दै आएको छ। परिणाम स्वरुप सन् १९९६ मा ३६ प्रतिशत बालबालिकाले पोलियो थोपा खुवाइएकोमा सन् २००१ मा आइपुग्दा यसमा बृद्धि भएर ६७ प्रतिशत पुगेको थियो भने हाल करिब ९० प्रतिशत बालबालिकामा यो सेवा पुगेको राष्ट्रिय योजना आयोगको तथ्याङ्कले देखाएको छ। त्यसको साथै विगत केही वर्षयता यसमा सकारात्मक सुधार समेत हुँदै गएको अध्ययनले देखाएको छ। त्यस्तैगरी डिपिटी खोप पाउने बालबालिकाको संख्या ५१ प्रतिशतबाट बढेर ७१ प्रतिशत पुगेको छ भने विसिजी खोप सुविधा पाउने बालबालिकाको संख्या ७३ प्रतिशतबाट बढेर ८३ प्रतिशत पुगेको देखिन्छ। यसबाट खोप सेवामा बालबालिकाको पहुँचमा सकारात्मक सुधार भएको देखिन्छ। स्वस्थ बालबालिकाले स्वस्थ समाजको प्रतिनिधित्व गर्दछन्। त्यसैले बालबालिकालाई स्वस्थ र समुन्नत बनाउनु बालस्वास्थ्य नीतिमा समेत उल्लेख गरिएको पाइन्छ। हाम्रो सन्दर्भमा कुरा गर्दा बालबालिकाको स्वास्थ्यको सवाल भनेको हाम्रो भौगोलिक अवस्था, हावापानी, सामाजिक रीतिरिवाज र दृष्णिकोण एवं आर्थिक विकाससँग पनि जोडिएको पक्ष हो। स्वास्थ्य सेवा सहज रुपमा प्राप्त गर्नु बालबालिकाको अधिकार हो। यसलाई केवल सेवा र सुविधासँग मात्र नजोडि बालबालिको आधारभूत अधिकारको रुपमा स्वीकार्नु जरुरी छ। र, व्यवहारिक रुपमा समेत आत्मसाथ गर्नु उत्तिकै जरुरी छ। ❐





## सरोकार

# नेपालमा मानसिक रूपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको अधिकार


सुम्निमा तुलाधर/रश्मीला शाक्य
सिविन–नेपाल


नेपालमा मानसिक रूपमा चूनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको समस्या लुकेको समस्याको रूपमा रहेको छ। यी बालबालिकाका बारेमा विभिन्न भ्रम र सामाजिक अन्धविश्वासहरू कायम रहेकाले पनि अधिकांश परिवारहरू यस समस्यालाई बाहिर ल्याउन हिच्किचाउँछन् । अघिल्लो जन्ममा स्वयंम् बालक/बालिका वा परिवारजनले पाप कर्म गरेका कारण भगवानले यस्ता बालबालिकाको जन्म दिएको भन्ने अन्धविश्सास हाम्रो समाजमा कायम नै छ भने समाजमा अपहेलित हुने डरका कारण पनि कतिपय परिवारहरू मानसिक रूपमा चुनौतीपूर्ण अवस्थाका बालबालिकालाई सके सम्म लुकाएर राख्छन् । यस बाहेक धेरै जसोलाई यस्ता बालबालिकालाई कसरी सहयोग पुऱ्याउने भन्ने अज्ञानता कायम छ भने यी बालबालिकाहरुको निम्ति स्वास्थ्य, शिक्षा तथा अन्य सेवाहरु अपर्याप्त भएको कारण तथा कमजोर आर्थिक अवस्थाका कारण पनि यस्ता बालबालिका परित्यक्त हुने स्थिति रहेको छ। नेपालका कतिपय गाउँघरमा यस्ता समस्या भएका बालबालिकालाई अज्ञानता र सहयोगको कमीका कारण अमानवीय अवस्थामा बाँधेर राख्ने गरेका घटनाहरु व्याप्त छन् । यसरी मानसिक रूपमा चूनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाहरु आफ्नो हरेक अधिकारबाट बञ्चित अवस्थामा रहेका छन् ।

नेपालमा मानसिक रूपमा चूनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको सख्या एकीन गर्न गाह्रो छ । तर थुप्रै बालबालिका यस समस्याबाट गुज्रिरहेको अनुमान गरिएको छ । राष्ट्रिय अपाङ्ग महासंघ (National Federation of the Disabled-Nepal) का अनुसार नेपालमा झण्डै ७,२०,००० को संख्यामा मानसिक रूपमा फरक क्षमता भएका मानिसहरू रहेकाछन् । जसमध्ये ४० प्रतिशत १४ वर्ष मुनिका बालबालिकाहरु रहेका छन् ।

मानसिक रूपमा चनौतीपूर्ण अवस्थाका बालबालिकाका समस्याहरु समाधानको निम्ति सर्वप्रथम यस सन्दर्भमा परोपकारी सोचलाई त्यागी अधिकारवादी सोचलाई सबै तहहरु जस्तै नीति निर्माण, सेवा, समाज र परिवार तथा यी बालबालिकाहरुको आत्मनिर्भरताका विविध पक्षहरुमा स्थापित गरिनु पर्दछ । यसका साथै यी

बालबालिकाका सवालहरुलाई मानव अधिकार, समावेशीकरण तथा बालअधिकारको एक अभिन्न बिषयका रुपमा सम्बोधन गरिनु पर्दछ ।

यी बालबालिकाहरुको नैसर्गिक अधिकारहरु तथा यिनको ससम्मान तथा सगौरव बाँच्न पाउने अधिकारसुनिश्चित गर्नको लागि सबै सरोकारवालाहरुले उचित ध्यान पुर्याउनुका साथै उपलब्त्र स्रोतहरुको उचित परिचालन गरी विभिन्न पक्षहरु बीच सहकार्य गरी यी बालबालिकाहरुको उच्चतम हितको निम्ति क्रियाशील हुनु जरुरी छ ।

**जनचेतना**

- समुदायमा मानसिक रूपमा चनौतीपूर्ण अवस्थाका बालबालिकाप्रति व्याप्त विभिन्न भ्रम र सामाजिक अन्धविश्वासहरू तथा नकारात्मक सोच र प्रवृतिमा परिवर्तन ल्याउनका लागि व्यापक जन चेतना अभिवृदि अभियान संचालन गरिनु पर्दछ ।
- समूदायका सदस्यहरू तथा परिवारलाई यी बालबालिकाहरुको स्थिति तथा यिनको हेरचाह कसरी गर्न सकिन्छ भन्ने जानकारी दिइनु पर्दछ र उनीहरुलाई संरक्षणमा परिचालन गरिनु पर्दछ ।
- राज्यले यस्ता बालबालिका भएका परिवारहरूलाई विशेष सहयोगको व्यवस्था गर्नु पर्दछ जसले गर्दा यस्ता बालबालिकालाई घरपरिवारमा नै राखेर उचित संरक्षणको व्यवस्था गर्न सक्नुका साथै उनीहरुको अधिकारहरुको संरक्षण गर्न सकियोस् ।

**विभेदको अन्त्य**

- यी बालबालिका प्रति मानसिक रूपमा होच्याउने तथा हिनताबोध गराउने खालका शब्दहरूको प्रयोगलाई निरूत्साहित गर्दै सम्मानजनक, मर्यादाजनक र सशक्तिकरण गर्ने खालका शब्दहरूको प्रयोग गर्न समाजमा प्रोत्साहित गरिनु पर्दछ ।
- यी बालबालिकाहरुको विकास र संरक्षणको सवालमा समावेशी र सहभागिता, समान अवसर र सशक्तीकरणलाई जोड दिइनु पर्दछ ।
- यस्ता बालक र बालिका बीच गरिने विभेदलाई अन्त्य गर्नका लागि सरकार र विभिन्न संघसस्थाहरूले काम गर्नु पर्दछ ।
- यसरी मानसिक रूपमा चनौतीपूर्ण अवस्थामा रहेका बालिकाहरु र किशोर किशोरीहरुको छुट्टै आवश्यकताको पहिचान गरी सोही अनुरुपका कायंक्रमहरु र सेवाहरु उपलब्ध गराउनु पर्दछ ।

**आत्मसम्मान तथा सशक्तिकरण**

- मानसिक रूपमा चनौतीपूर्ण अवस्थाका बालबालिकाको आत्मसम्मान, सकारात्मक सोच र आत्मविश्वास बढाउनका लागि आवश्यक कदम चालिनु पर्दछ ।
- मानसिक रूपमा चनौतीपूर्ण अवस्थामा रहेका बालबालिकामा पनि कुनै न कुनै क्षमता हुन्छ र दैनिक जीवनका कार्यहरु तथा अन्य गतिविधिहरुमा उनीहरुको क्षमता अनुसार सहभागी गराइनु पर्दछ ।
- राज्यले यस्ता बालबालिकाको क्षमता विकास तथा सीप अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्नुका साथै उनीहरुका उत्पादनको प्रवर्धन गर्नुपर्दछ ।
- मानसिक रूपमा चनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाका सफलताका कथाहरुलाई जानकारीमा ल्याउनु पर्दछ ताकी यी बालबालिकाहरुमा पनि सम्भावना लुकेका हुन्छन् भन्ने कुराको समाजमा पुष्ठि होस् ।

**स्वास्थ्यका सवालहरु**

- देशका सबै भागमा यी बालबालिकाहरुको निम्ति स्वास्थ्य सेवाको व्यवस्था हुनु पर्दछ ।
- मानसिक रूपका चुनौतीहरू बिभिन्न स्तरका हुने हुंदा तिनको समयमा सहि पहिचान तथा उचित उपचार र निःशुल्क स्वास्थ्य सेवाहरूको व्यवस्था गरिनु पर्दछ ।
- स्वास्थ्य कर्मीहरूलाई यी बालबालिकाको उपचार सम्बन्धी आधारभूत तालिम उपलब्ध हुनु पर्दछ यस्ता बालबालिकाको उपचारको लागि विशेष सहुलियतको व्यवस्था हुनुपर्दछ ।

**संरक्षणका सवालहरु**

- यी बालबालिका देशको कुनै एक ठाउँमा मात्र सिमित नभई देशका सबै क्षेत्रमा फैलिएका छन्, यसर्थ यी बालबालिकाहरुको संरक्षणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमहरूबाट सम्बोधन गरिनु पर्दछ ।
- बालगृहमा राखेर गर्ने संरक्षणलाई घटाउँदै लगेर पारिवारिक तथा सामुदायिक संरक्षणलाई बढाउदै लगिनु पर्दछ । यसको निम्ति राज्यद्वारा परिवारको निम्ति चाहिने मनोविमर्श, बालबालिकाको निम्ति चाहिने स्वास्थ्य, शिक्षा र अन्य आवश्यक सुविधाहरु उपलब्ध गराउनु पर्दछ । साथै परिवारको आर्थिक अवस्थालाई ध्यानमा राखी परिवारको आयआर्जनको निम्ति अन्य उचित व्यवस्थाहरु हुनु पर्दछ ।
- यी बालबालिकाहरूप्रति गरिने विभेद, हिंसा, दर्व्यवहार, बलात्कारका सवाललाई गम्भीर मानब अधिकार उल्लंघनको रुपमा लिइनु पर्दछ । र यस सन्दर्भमा बालबालिकाको संरक्षणको निम्त छुटै कानूनी व्यवस्था हुनु पर्दछ । यस्ता बालबालिका माथि दुर्व्यवहार गर्ने दोषीहरूलाई कडा कारबाहीको व्यवस्था हुनु पर्दछ ।
- यी बालबालिकाको निम्ति खोलिएका गृहहरुको उचित व्यवस्थापनको लागि राष्ट्रिय स्तरमा नै संरक्षण नीतिको व्यवस्था हुनुपर्दछ र यसको कडाईका साथ पालना हुनुपर्दछ र सो को पालना भएको नभएको सन्दर्भमा अनुगमन हुनुपर्दछ । र नभएको खण्डमा सोही अनुरूप कारवाही पनि हुनुपर्दछ ।
- यस प्रकारका बालबालिकाको संरक्षण एवं पुनर्स्थापनाका लागि स्थापित गृहहरूमा उनीहरूका लागि न्यूनतम मापदण्ड तयारगरी अपनाइनु पर्दछ । र उनीहरूको विकासलाई सहयोग गर्न आवस्यक व्यवस्था गरिनु पर्दछ ।

**नीति तथा कार्यान्वयन**

- यी बालबालिकाको विकास, संरक्षण र सशक्तिकरणका लागि सशक्त राष्ट्रिय नीति, ऐनहरू तथा कार्यक्रमहरुको तर्जुमा हुनु पर्दछ भने यस्ता नीतिहरुलाई कागजमा सिमित नराखी तिनको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

समस्यासँग जुझ्नका लागि सरकार, नागरिक समाज र निजी क्षेत्रकाबीच सहकार्य एवं समन्वयको समुचित व्यवस्था गरिनु पर्दछ ।

## बालिका माथि हिंसा

आजकल दिनहुँजसो महिला माथि हुने हिंसाका समाचार तथा लेखहरु टी.भी., रेडियो, पत्र-पत्रिकाहरुमा आउने गरेका छन । महिला तथा बालबालिका माथि हुने विभिन्न खालका हिंसा मध्ये यौन दुर्व्यवहार एक जघन्य अपराध हो । बलात्कार जुनसुकै ठाउँमा, जुनसुकै समयमा र शिशुदेखि बृद्धासम्मका जुनसुकै नारीहरुमाथि हुने गरेका छन् । हाम्रो समाजमा व्याप्त सामाजिक-आर्थिक अस्थिरता, अन्यौल अनि लैङ्गिक विभेद र हाम्रो पितृसत्तात्मक समाजले यस अपराधलाई अझ बढी पोसेको छ ।

अहिले सामूहिक यौनशोषण भन्दा व्यक्तिगत यौनशोषणका घटनाहरु बढी हुने गरेका छन् । बालबालिकालाई विभिन्न किसिमको प्रलोभन देखाइ वा डर, धम्की, त्रास देखाइ बलात्कर गर्ने गरिन्छ । सिविन स्रोत तथा सूचना केन्द्रले संकलन गरेको पत्र-पत्रिका सर्वेक्षण अनुसार सन् २००७ मा २०१ वटा बलात्कारका घटनाहरु रेकर्ड गरेका छन् । जसमा २०१ वटा घटना अर्थात ६०.६९ प्रतिशत घटनाहरुमा १६ वर्ष मुनिका बालबालिकाहरु पीडित थिए । २१.३९ प्रतिशत घटनाहरुमा १० वर्ष मुनिका बालबालिकाहरु थिए । ५६.२१ प्रतिशत घटना व्यक्तिगत यौनशोषणका थिए । ३०.३४ प्रतिशत घटनाहरु समूहगत बलात्कारका थिए । हाडनाता करणी गरिएका घटना यस वर्षमा बृद्धि भएको छ । गत वर्ष यो संख्या ६.२२ प्रतिशत थियो भने यस वर्ष ९.९५ प्रतिशत घटनाहरु हाडनाता करणीसँग सम्बन्धित थिए । त्यसैगरी बलात्कार गरी हत्या गरिएका घटनाहरुमा पनि यस वर्ष बृद्धि भएको छ । गत वर्ष यो संख्या ४.३० प्रतिशत थियो भने यो वर्ष ६.९६ प्रतिशत रहेको छ१६ बर्ष मुनिका बालबालिका माथि हुने बलात्कारका घटनाहरु यस वर्ष कमी आएको छ । गत वर्ष यो संख्या ६.२२ प्रतिशत थियो

भने यस वर्ष ५६.२१ प्रतिशत रहेको छ । २०१ वटा बलात्कारका घटनाहरु मध्ये ६४ वटा घटनामामात्र बलात्कारीहरु पक्राउ परेका छन् ।

सन् २००७ मा सुनसरी जिल्लामा सबैभन्दा वढी बलात्कार घटना घटेका छन् । त्यसपछि मोरङ, उदयपुर, रौतहट, झापा, सप्तरी सिराहामा अरु जिल्लाको तुलनामा बढी बलात्कारका घटना घटेका छन् । पीडित बालबालिकामा ४ वर्षकी बालिका समेत बलात्कारको शिकार भएकी थिइन् । बलात्कारका शिकार भएकाहरु चार बर्षकी अवोध बालिका देखि लिएर विद्यार्थीहरु, कामदार महिलाहरु, गृहिणीहरु, विधवा महिलाहरु, अपांग महिलाहरु, सुत्केरी तथा गर्भवती महिलाहरु, शरणार्थी महिलाहरु, राजनैतिक कार्यकर्ताहरु र वृद्ध महिलाहरु समेत थिए । त्यस्तै बलात्कारीहरु बालिकाका आफन्तहरु, स्थानीय मानिसहरु, बालकहरु, गुरुहरु, प्रहरीहरु, सहकर्मीहरु, मालिकहरु र वकिल, भारतीय सेनाहरु र अपरिचित व्यक्तिहरु थिए ।

प्रस्तुती: अञ्जना प्रधान, सिविन सूचना तथा श्रोत केन्द्र ।

## घोषणापत्र

राष्ट्रिय मानव अधिकार आयोग, सम्पर्क कार्यालय, जिल्ला बाल कल्याण समिति र सिविन नेपाल, रोल्पाको संयुक्त अयोजनामा मिति २०६४ मंसिर २२ देखि २४ गतेसम्म **रोल्पा जिल्लामा बालबालिका र युवाहरुको अवस्था, चुनौती र समाधानका उपायहरु** विषयक कार्यशाला गोष्ठी जिल्लाका २३ गा.वि.स.का जनजाति, दलित, अपाङ्ग, घाइते परिवार, वेपत्ता परिवार, शहिद परिवार, बिभिन्न विद्यार्थी संगठन, युवा तथा बाल क्लबहरुबाट प्रतिनिधित्व हुने गरी १८ जना बालिका तथा युवती र २९ जना बालक तथा युवाहरुको सहभागितामा सम्पन्न गरी हामी कार्यशाला गोष्ठीका सहभागीहरुले तपसिल बमोजिमको ३५ बुँदे युवा तथा बालअधिकारको रोल्पा घोषणा-पत्र ।

**तपसिल:**

१. जिल्लामा अझै पनि बाल विवाह व्यापक रुपमा रहेकोले प्रभावकारी संयन्त्रको निर्माण गरी बालविवाह पूर्ण रुपमा रोकियोस्

२. बालबालिकाहरुलाई श्रमबाट मुक्त गरी बालशोषण पूणरुपमा निर्मूल पारियोस् र बालबालिकाहरुलाई श्रमिकको रुपमा जिल्ला बाहिर आपूर्ति गर्ने प्रचलनलाई पूर्ण रुपमा निषेधित गरियोस् ।

३. अपाङ्ग, असहाय, टुहुरा र विछोडिएका बालबालिकालाई शिक्षा र स्वास्थ्य सुविधाको निशुल्क व्यवस्था गरियोस्

४. द्वन्द्व पीडित, विस्थापित तथा माओवादी अस्थायी शिविरमा रहेका बालबालिकाहरुको उचित संरक्षण र विकासको व्यवस्था गरियोस् ।

५. बालबालिकाहरुले स्वतन्त्र रुपमा आफ्नो हक अधिकारको सदुपयोग गर्ने वातावरण सिर्जना गरिनुका साथै सशस्त्र द्वन्द्वको क्रममा आमाबाबु गुमाएका बालबालिकाहरुको पालन-पोषण तथा शिक्षाको लागि उचित व्यवस्था गरियोस् ।

६. बालबालिकाहरुले पठनपाठन गर्ने शैक्षिक संस्थाहरुलाई सरकारी निकायबाट शान्ति क्षेत्र घोषणा गरियोस् ।

७. बालबालिकाहरुले पठन्पाठन गर्ने शैक्षिक संस्थाहरुलाई धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र बनाईयोस् ।

८.महिला तथा बालबालिकाहरु बेचबिखन जस्ता सामाजिक अपराधलाई पूर्ण रुपमा नियन्त्रण गरियोस् ।

९. बालबालिकाहरुलाई समानुपातिक, व्यावहारिक र वैज्ञानिक शिक्षाको सुनिश्चितता गरियोस् ।

१०. बालबालिका सम्बन्धी मौजुदा कानुनहरु तथा अन्रराष्ट्रिय सन्धि सम्झौताहरुको प्रभावकारी कार्यान्वयन गरियोस् ।

११. स्थानीयस्तरमा योजना तर्जुमा गर्दा बालबालिकाको सहभागिता सुनिश्चित गरी बालबालिकाका समस्याहरुलाई सम्बोधन गरियोस् ।

१२. बालबालिकामाथि हुने जातीय, लिङ्गीय तथा वर्गीय विभेदको अन्त्य गरियोस् ।

१३. बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर-सरकारी क्षेत्रका विभिन्न संघ-संस्था लगायत सम्पूर्ण सरोकारवालाबीच समन्वय र सहकार्यको प्रभावकारी संयन्त्रको निर्माण गरियोस् ।
१४. बालबालिकाहरुलाई शारीरिक, मानसिक तथा बौद्धिकरुपमा असरपार्ने खालका राजनीतिक तथा द्वन्द्वात्मक गतिविधिहरुलाई निषेध गरियोस् ।
१५. बालबालिकाहरुको आवाज बोक्ने बाल क्लब, बाल सञ्जाल जस्ता संगठनहरुको निर्माण गर्ने र तिनको संस्थागत विकासको लागि विशेष व्यवस्था गरी बालसहभागिता प्रबर्द्धनमा जोड दिईयोस् ।
१६. विद्यालयमा नियमित रुपमा निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था गरियोस् ।
१७. द्वन्द्वका कारण परिवार तथा समुदायबाट विछोडिएका बालबालिकाहरुलाई पुनर्मिलन र पुनर्एकिरणको लागि उचित वातावरण मिलाईयोस् ।
१८. सशस्त्र द्वन्द्वको समयमा स्थापित जनवादी विद्यालयहरुको उचित व्यवस्थापन तथा त्यहाँ रहेका बालबालिकाको संरक्षणका निम्ति सरकारी स्तरबाट उचित पहल गरियोस् ।
१९.युवा सहभागिता र विकासको लागि अविलम्ब युवा नीति निर्माण गरी युवा मन्त्रालयको गठन गरियोस् ।
२०.व्यवहारिक शिक्षा प्रणाली लागू गरी युवाहरुलाई सीपमूलक तथा व्यवसायिक तालिम दिई रोजगारीको ग्यारेन्टी गरियोस् ।

*(यो घोषणा-पत्र ५९औं अन्तराष्ट्रिय मानव अधिकार दिवस १० डिसेम्बर २००७ का दिन जारी गरिएको हो)*

## समुन्नत, समृद्ध, नयाँ नेपाल !

## नयाँ नेपालको निर्माण
## बालबालिकाको साथमा थालौं !!!

CWIN

Plan
Be a part of it.


बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

**बाल चौतारी**

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म
रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा
अवश्य सुन्नुहोस्

# सुर्तीजन्य पदार्थको नियन्त्रण गर्न राष्ट्रिय प्रतिबद्धता आवश्यक




काठमाण्डौ पुष बास–सुर्तीजन्य बस्तु र यसका असरलाई समाजबाट नियन्त्रण गर्नको लागि यस बिषयमा नीति बनाइ त्यसलाई कार्यान्वयन गरिनुपर्नेमा यस क्षेत्रका सरोकारवालाहरुले जोड दिएका छन् । सिविन नेपालद्वारा राजधानीमा आज आयोजित बालबालिकाका सवालमा सुर्तीजन्य बस्तु नियन्त्रण सम्बन्धी विश्व स्वास्थ्य संगठनको महासन्धि (FCTC) कार्यान्वयन बिषयक राष्ट्रिय कार्याशालाका सहभागीहरुले उक्त धारणा राखेका हुन् ।

कार्यक्रममा स्वास्थ्य राज्यमन्त्री शशि श्रेष्ठले–"राज्यले अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा हस्ताक्षर गरेर मात्र नपुग्ने र यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनुपर्ने धारणा राख्नुभयो ।" उहाँले भन्नुभयो–"हामी प्रतिबद्धता त गर्छौं, तर त्यसको व्यवहारिक कार्यान्वयन गर्न भने सक्दैनौ ।" सुर्तीजन्य बस्तुले समाजमा बालबालिकालाई सोझै असर परिरहेको बताउँदै उहाँले भन्नुभयो–"यसका लागि सरकारले छुट्टै कानुन बनाइ यसलाई लागू गर्ने तयारी गरिरहेको छ ।"

कार्यक्रममा प्राध्यापक डा.मथुरा श्रेष्ठले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै भन्नुभयो–"सुर्तीसेवन र त्यसबाट हुने रोग वा समस्याहरु रोक्न सकिन्छ । यसका लागि सबै मिलेर सुर्तीजन्य बस्तु नियन्त्रण, निवारण गर्न सबैको प्रतिबद्धता जरुरी छ ।" उहाँले सुर्तीरहित भौतिक, सामाजिक र साँस्कृतिक परिवेश निर्माण गर्नु र आफ्ना र सन्ततिका वर्तमान र भविष्य, स्वस्थ, सम्मानजनक, उच्च जीवनस्तरीय र समृद्धि सुनिश्चित गर्नु सबैको सामाजिक दायित्व भएको समेत बताउनुभयो ।

कार्यक्रममा अन्तरिम संसदका विधायिक संसद एवं शिक्षा स्वास्थ्य तथा जनसंख्या संसदीय समितिका सदस्यहरु नेकपा एमालेका डा.वंशीधर मिश्र, नेकपा माओवादीका मंगल विश्वकर्मा र बलावती शर्मा, नेपाली काँग्रेसकी सावित्री बोगटी पाठकले सुर्तीजन्य पदार्थले बालबालिकामाथि पारिरहेको विभिन्न प्रभाव र यसको निराकरण गर्न समाजका सबै तहले जिम्मेवारी निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो ।

सुर्तीजन्य बस्तुहरुको नियन्त्रण सम्बन्धी महासन्धि ाचकभधयचप ऋयलखभलतष्यल यल त्यदबअअय अयलतचयर्ा ९ऋत्ऋ० विश्व स्वास्थ्य संगठनले पारित गरेको हो । यो महासन्धिलाई विश्व स्वास्थ्य संगठनका १९२ वटा राष्ट्रहरुको सहमतिमा तयार पारिएको हो । यो महासन्धिलाई पारित गर्ने राष्ट्रको लागि बन्धनकारी हुने गर्दछ । यसैको आधारमा सुर्तीजन्य बस्तुको नियन्त्रण गर्नको लागि राष्ट्रिय कानुनहरु निर्माण गर्नुपर्ने सरकारको दायित्व हुन आउँछ । उक्त महासन्धिलाई नेपाल सरकारले पनि सन् २००३ को डिसेम्बर ३ मा हस्ताक्षर गरी २००७ को नोभेम्बर ७ मा अनुमोदन गरिसकेको छ ।

# मानसिक रूपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको अधिकार सुनिश्चित गरिनुपर्ने



काठमाण्डौ पुष बास– मानसिक रुपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको सवाललाई मात्र परोपकारी बिषय वा स्वास्थ्यको बिषयमा मात्र सीमित नराखी यसलाई अधिकारको बिषयको रुपमा रुपान्तरण गर्नुपर्ने यस क्षेत्रमा संलग्न निकायहरुले बताएका छन् । यस्ता बालबालिकालाई अन्य सबै बालबालिका सरह सम्मानपूर्वका बाँच्न पाउने, उचित स्वास्थ्य, शिक्षा, विकास, संरक्षण र सहभागिताको अधिकारको निम्ति विशेष व्यवस्था गरिनुपर्ने हालै राजधानीमा आयोजित मानसिक रुपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको संरक्षणः चुनौतीहरु तथा समाधानका उपायहरु बिषय कार्यशालाका सहभागीहरुले उक्त धारणा राखेका हुन् ।

सिविन नेपाल तथा सिनेट नेपालद्वारा आयोजित उक्त कार्यशालामा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिव लक्ष्मी ढकालले–"सवल बालबालिकाका लागि भन्दा पनि अपाङ्ग बालबालिकाको लागि विशेष कार्यक्रम तय हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तोता रश्मिला शाक्यले–"नेपालमा झण्डै ७ लाख २० हजार मानसिक रुपमा फरक क्षमता भएका मानिसहरु रहेकामा झण्डै ४० प्रतिशत १४ वर्षमुनिका बालबालिकाहरु रहेको बताउनुभयो ।"

यस्ता कतिपय बालबालिकालाई परिवारले नै परित्यक्त गरिदिँदा खासगरी बालिकाहरु यौनशोषणमा पर्ने गरेका, कतिपय बालबालिका श्रमशोषण र दासताको शिकार भएका तथा अकालमै मृत्यु भएको सिविनका अध्यक्ष माधव प्रधानले बताउनुभयो ।

कार्यक्रममा सिनेट नेपालका महासचिव रविन नेपालीले–नेपालमा हाल मानसिक रुपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाको निम्ति स्पष्ट कार्यक्रम अझैसम्म पनि नभएको बताउनुभयो ।

कार्यक्रमका सहभागीहरुले समुदायमा मानसिक रुपमा चुनौतीपूर्ण अवस्थामा रहेका बालबालिकाप्रति व्याप्त भ्रम र सामाजिक अन्धविश्वास तथा नकारात्मक सोच र प्रबृत्तिमा परिवर्तन ल्याउनुपर्ने, यी बालबालिकालाई विभेद गर्न नहुने, राज्यले यस्ता बालबालिकाको क्षमता विकास तथा सीप अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने, उनीहरुको स्वास्थ्य समस्याको पहिचान गरी उचित उपचारको व्यवस्था गरिनुपर्ने,बालगृहमा मात्रै नभएर यस्ता बालबालिकालाई समुदायकै संरक्षणमा बृद्धि गरिनुपर्ने र राष्ट्रिय स्तरमा नीति, ऐन तथा कार्यक्रमहरु तर्जुमा गरी त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने कुरालाई समेत विशेष रुपमा उठाएका थिए ।

# नवयुवालाई सीप र रोजगार



काठमाण्डौ पुष बास– जोखिम परिस्थितिका नवयुवाहरुका लागि सीपमूलक तालिम र रोजगार बिषयमा यस क्षेत्रका सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सिविनको आत्मनिर्भर केन्द्रले आयोजना गरेको उक्त अन्तरक्रिया कार्यक्रममा विभिन्न सीपमूलक तालिम प्रदान गरिरहेका संघसंस्थाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा सिविन नेपालका शुभराज पोखरेलले जोखिम परिस्थितिमा परेका नवयुवाहरुका लागि सीप शिक्षा प्रदान गर्नको लागि संघसंस्थाको सहकार्य आवश्यक पर्ने बताउनुभयो । सोही कार्यक्रममा सिविनकी कार्यक्रम संयोजक रश्मिला शाक्यले विभिन्न सीपमूलक तालिम दिइएका नवयुवा तथा किशोरीहरुलाई रोजगारीको व्यवस्था गर्न कठिन रहेको र तालिम अवधिमै पनि बालिकाहरुले विविध कारणले गर्दा निरन्तरता दिन नसकेको बताउनुभयो । उहाँले बालिकाहरु अझैसम्म पनि सिलाइ बुनाइ जस्ता तालिममा मात्रै सीमित भएको बताउनुभयो ।

कार्यक्रममा यस्ता सीपमूलक तालिम कार्यक्रमलाई सैद्धान्तिक मात्रै नबाइ व्यवहारिक बनाउनुपर्ने, तालिममा सहभागी गराउनुपूर्व उनीहरुलाई मनोसामाजिक परामर्श दिनुपर्ने, तालिम सरकारी निकायसँग समन्वय गरी प्रदान गर्दा रोजगारीको लागि सहज हुने समेत बताइएको थियो । कार्यक्रममा सिविन आत्मनिर्भर केन्द्रका कार्यक्रम अधिकृत कृष्ण श्रेष्ठले सिविन आत्मनिर्भर केन्द्रको अवधारणपत्र प्रस्तुत गर्नुभएको थियो ।

---


सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

CWIN सिविन–नेपाल

Plan Be a part of it. प्लान–नेपाल

सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com

प्रमुख सल्लाहकार : सुम्निमा तुलाधर

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल, सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

सम्पादक:विमलकुमार थापा